बैठक नं.-४५

बैठक संख्या:

आज मिति २०७६ साल भाद्र २५ गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | [signature] |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | [signature] |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | [signature] |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | [signature] |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | [signature] |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | [signature] |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | [signature] |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | [signature] |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | [signature] |
| १० | श्री जानुका थापा मगर | सदस्य | [signature] |
| ११ | श्री हिमालीमाया वि.क. | सदस्य | [signature] |
| १२ | श्री गंगामाया वि.क. | सदस्य | [signature] |
| १३ | श्री सुन माया थिङ | सदस्य | [signature] |
| १४ | श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | [signature] |

**अन्य उपस्थिति :**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | दिलिप कुमार शाह | इन्जिनियर | [signature] |
| २ | भरतजंग थापा | ना.सु | [signature] |
| ३ | सुदिप थापा | कम्प्युटर अपरेटर | [signature] |

**निर्णयहरु:**

**निर्णय नं. १ :-** आ.व. २०७६।०७७ को प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ अन्र्तगतको एक विद्यालय एक नर्स कार्यक्रम संचालनको लागि यस गाउँपालिका वडा नं. ५ स्थित श्री नेत्रकाली मा.वि. आपडाँडालाई छनौट गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ :-** यस गाउँपालिकाको आ.व. २०७६।०७७ का लागि शिक्षक तलब अनुदान अन्तंगत विद्यालयहरुलाई बिनियोजित रकम बाट तलव भत्ता भूक्तानी हुने शिक्षकहरुका लागि गाउँपालिकाले विज्ञापन आह्वान गर्ने निर्णय गरियो । विज्ञापन भई नयाँ शिक्षक नियूक्ति नहुँदासम्म विद्यालयमा गत आ.व. देखि हालसम्म गां.पा. तलब अनुदानमा कार्यरत शिक्षकलाई नै नियूक्ति गर्न अनुमती दिने र कामकाज गर्दाको अवधिको तलव भत्ता समेत भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** यस गाउँपालिका वडा नं. २ को कार्यालयमा रिक्त कार्यालय सहयोगी पदमा हाल दैनिक ज्यालादारीमा कार्यरत श्री मान बहादुर लामिछानेलाई मिति २०७६ असोज १ गते देखि लागु हुने गरि करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** यस गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका विद्यालयमा कार्यरत शिक्षकहरुलाई अर्को व्यवस्था नभएसम्म तपशिल बमोजिम सरुवा गर्ने निर्णय गरियो ।

**तपशिलः**

| | शिक्षकको नाम | हाल कार्यरत रहेको विद्यालय | सरुवा भई जाने विद्यालय |
|---|---|---|---|
| 1. | सम्झना थिङ | प्रा.वि. वन्दीपुर | प्रा.वि. कोल्टार |
| 2. | सम्झना थापा | प्रा.वि. छर्छरे | मा.वि. अमले |
| 3. | उषा देवकोटा | प्रा.वि. छर्छरे | मा.वि. तामाजोर |
| 4. | उर्मिला माझी | प्रा.वि. रातु | नि.मा.वि टुनिभन्ज्याङ |
| 5. | सुमित्रा थापा | प्रा.वि. आहाले | नि.मा.वि. गोपे |
| 6. | विक्रम स्याङ्तान | प्रा.वि. अरुवोट | प्रा.वि. वन्दीपुर |
| 7. | विर बहादुर थिङ | प्रा.वि. राङ्चा | प्रा.वि. सिम्पाल |
| 8. | विद्या श्रेष्ठ | प्रा.वि. दाघखोर | मा.वि. रामपुर |
| 9. | ज्ञान बहादुर सिजाली | प्रा.वि. सिम्पाल | नि.मा.वि चैनपुर |

**निर्णय नं. ५ :-** यस गाउँपालिकाको व्याक हो लोडर भाडामा दिदा तेल बाहेक प्रतिघण्टा रु १०००।- र तेल सहित प्रतघण्टा रु. १८००।- लिने निर्णय गरियो । साथै व्याक हो लोडर अपरेटर र हेल्परको भत्ता प्रतिघण्टा रु १००।- दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** यस गाउँपालिका वडा नं. १ भ्वसेमा सञ्चालित प्रा.वि. पटवासलाई वडा नं. १ सिम्ले स्थित नवनिर्मित ४ कोठे भवनमा सार्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** यस गाउँपालिकाको वडा नं. ५ रातु र वडा नं. ४ को गोपेमा सामुदायिक स्वास्थ्य इकाई स्थापना र सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त सामूदायिक स्वास्थ्य इकाईमा अ.न.मी. २ र कार्यालय सहयोगी २ को विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** यस गाउँपालिका वडा नं. ४ को वर्थिङ सेन्टरमा रहने गरि अ.न.मी. १ जना र वडा नं. २ स्थित स्वास्थ्य चौकी बस्तीपुरका लागि ल्याव टेक्नीसियन १ जनाको विज्ञापन गर्ने निर्णय गरियो ।

ज्ञान बहादुर भोलन

**निर्णय नं. ९ :-** यस गाउँपालिकाको आर्थिक सहयोगमा खरिद भएको रेडक्रस उपशाखा तामाजोरद्वारा सञ्चालित एम्बुलेन्सको भाडा दर तपशिल बमोजिम कायम गर्ने निर्णय गरियो । साथै उक्त एम्बुलेन्स सञ्चालन समितिमा उत्तर कुमार वाइवाको सट्टामा वडा नं. २ का वडा अध्यक्ष श्री एक बहादुर खड्कालाई गाउँपालिकाको प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**तपशिलः**

| | |
|---|---|
| सिम्पाल देखि हायुटार | १६००।- |
| रामपुर देखि हायुटार | १०००।- |
| नेत्रकाली देखि हायुटार | ८००।- |
| तामाजोर देखि हायुटार | ७००।- |
| कोल्टार, टुनिभन्ज्याड, आहालेडाँडा, हिर्दिङ र रजवास देखि हायुटार | ५००।- |
| सल्ले, केरावारी देखि हायुटार | ५००।- |
| अमले थलागाउँ देखि हायुटार | १०००।- |
| हायुटार देखि सिन्धुली | ३०००।- |
| हायुटार देखि बर्दिबास | ४०००।- |
| हायुटार देखि काठमाडौं | ६०००।- |

**निर्णय नं. १० :-** यस गाउँपालिकालाइ जिल्ला समन्वय समिति सिन्धुलीबाट प्राप्त ११ मिटरको १० थान पोल गाउँपालिका सम्म ढुवानी गर्ने र ११ थान पोल गाड्ने खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११ :-** घ्याङलेख गाउँपालिका वडा नं. १ र २ को सिमानामा पर्ने फापरचुलिमा भ्यूटावर निर्माणका लागि २०७७ चैत्र मसान्त सम्मको समयावधि तोकि टेन्डर आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :-** घ्याङलेख गाउँपालिकाको विपद व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ सर्वसमत पारित गरियो ।

**निर्णय नं. १३ :-** घ्याङलेख गाउँपालिका वडा नं. ५ बगरटोल निवासि श्री कृष्ण बहादुर घिसिङको मिति २०७६।०५।११ गते बदेलको आक्रमणबाट घटनास्थलमा नै मृत्यु भएकोले निजको परिवारलाई किरिया खर्च स्वरुप रु. ५००००।- दिने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

सन्तोष नेपाली
प्रमुख प्रशासकीय अधिकृत